नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
**सहकारी विभाग**
नयाँ बानेश्वर, काठमाडौं

पत्र संख्या :- ०७६/७७
चलानी नं:- ९४६२

मिति: २०७७।०३।०५

श्री सहकारी संघ/संस्था सबै,

नेपाल सरकार भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय सहकारी विभाग नयाँ बानेश्वर, काठमाण्डौ

विषय: परिपत्र सम्बन्धमा ।

कोभिड १९ को महामारीले समग्र विश्व आक्रान्त बनेको छ । मानवीय जीवन रक्षार्थ भए गरेका प्रयासले सार्थकता पाइसकेको अवस्था छैन । यसै महामारीका कारण विश्व अर्थव्यवस्थामा नराम्रो असर परेको छ । कोभिड १९ को असर न्यूनीकरण तथा फैलावट रोक्न नेपाल सरकारले विभिन्न समयमा सुरक्षाका मापदण्ड निर्धारण गरी पालना गर्न सबैलाई आह्वान गरेकै छ । सरकारद्वारा यहि असार १ गतेवाट बन्दाबन्दी (Lock Down) लाई आंशिक रुपमा खुकुलो बनाई सुरक्षाका मापदण्ड पालना गर्ने गरी सेवा प्रवाह गर्न निर्देशन दिएको छ । कोभिड १९ को कारण देखाई कतिपय सहकारी संघ संस्थाहरुले अझै सेवा प्रवाह नगरेको र गर्न आनकानी गरेको, सेवा प्रवाहमा नियमितता नदिएको भन्ने लिखित तथा मौखिक गुनासो समेत आइरहेकोले सबै सहकारी संघ/संस्थाहरुले आफ्नो र सदस्यको स्वास्थ्यलाई ख्याल राख्दै तपशिल बमोजिम प्रभावकारी रुपमा सेवा सञ्चालन गर्न गराउनु हुन यस विभागको मिति २०७७।०३।०५ को निर्णयानुसार यो परिपत्र जारी गरिएको छ ।

तपशिल :

- सहकारी संघ/संस्थाबाट प्रवाह गरिने सबै प्रकारका सेवाहरु प्रभावकारी रुपमा सञ्चालन गर्ने,
- आवश्यकतानुसार संस्थालाई दुई सिफ्टमा सञ्चालन गर्ने,
- सेवा प्रवाह गर्दा सकेसम्म विद्युतीय माध्यमको प्रयोग गर्ने,
- सामाजिक उत्तरदायित्व वहन गर्ने सन्दर्भमा कोभिड १९ को फैलावट र न्यूनिकरणका उपायहरुका बारेमा सचेतना जगाउने कार्य गर्ने,
- नेपाल सरकारद्धारा समय समयमा जारी गरिएको निर्देशनको कडाइको साथ पालना गर्ने,

२०७७।०३।०५

(सन्देश प्रसाद जोशी)
**शाखा अधिकृत**

वोधार्थ :-
श्री भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय,
सिंहदरवार ।

**बोधार्थ तथा कार्यार्थ :-**
श्री राष्ट्रिय सहकारी महासंघ,
पुल्चोक, ललितपुर ।